| फाइजर कम्पनीको खोपको लागि (5 देखि 11 वर्षका लागि) (2022 फेब्रुअरी) |
|---|

<5 देखि 11 वर्षका बालबालिकाका अभिभावकहरूको लागि>

# नोभल कोरोना भाइरसको प्रतिरोध खोप सम्बन्धी जानकारीपत्र

## (बालबालिका (5 देखि 11 वर्ष) लाई लगाउने खोप)

**नोभल कोरोना भाइरसको खोपको दायरामा पर्ने5 देखि 11 वर्षका बालबालिकाका अभिभावकहरूको लागि**

◎खोप लगाउनको लागि **अभिभावकको सहमति र उपस्थिति आवश्यक पर्नेछ।**

◎**खोप लगाउन चाहेको खण्डमा, खोप पूर्व स्वास्थ्य सम्बन्धी प्रश्नपत्रको हस्ताक्षर गर्ने ठाउँमा अभिभावकको पूरा नाम लेख्नुहोस्।** खोप लगाउन नचाहने खण्डमा, आफ्नो हस्ताक्षर गर्ने ठाउँमा केही पनि नलेख्नुहोस्। **खोप पूर्व स्वास्थ्य सम्बन्धी प्रश्नपत्रमा अभिभावकको हस्ताक्षर नभएमा प्रतिरोध खोप लगाउन सकिँदैन।**

◎कुनै अस्पष्ट कुरा भएमा अग्रिम रूपमा सरकार अथवा नगर, टोल वा गाउँद्वारा प्रदान गरिएको जानकारी हेर्नुहोस् वा सधैं देखाउने गरेको चिकित्सक आदिसँग विस्तृत रूपमा परामर्श लिई, खोप लगाउने कुराबारे निर्णय गर्नुहुन अनुरोध गर्दछौं।

### नोभल कोरोना भाइरसको खोप लगाउने सम्बन्धी

यो खोप केन्द्रीय सरकार र स्थानीय सरकारद्वारा सञ्चालित नोभल कोरोना भाइरस (SARS-CoV-2) को खोप लगाउने कार्यक्रमको एक भागको रूपमा सञ्चालन गरिनेछ। यो खोप लगाएको शुल्क सार्वजनिक खर्चद्वारा बेहोरिने छ र खोप लगाउन चाहने व्यक्तिहरूले निःशुल्क खोप लगाउन सक्नेछन्। साथै यो 5 देखि 11 वर्षका बालबालिकाहरूलाई लगाउने खोप हो।

### खोपको प्रभाव र लगाइने तरिका

यस पटक लगाइने खोप फाइजर कम्पनीद्वारा बनाइएको खोप हो। यसले संक्रामक रोग नोभल कोरोना भाइरस लाग्नबाट बचाउँछ।

यो खोप लगाएका व्यक्तिहरुमा 12 वर्ष वा सोभन्दा बढीका व्यक्तिहरूमा जसरीनै SARS-CoV-2 को न्यूट्रलाइजिङ एन्टिबडी भ्याल्यु पर्याप्त बढेको निश्चय गरिएको छ। साथै खोप नलगाएका व्यक्तिहरूलाई भन्दा नोभल कोरोना भाइरसको संक्रमण कम हुन्छ भन्ने कुरा थाहा भएको छ। (डेल्टा भेरियन्ट लाग्नबाट रोक्ने प्रभाव 90.7% रहेको भनेर रिपोर्ट गरिएको छ।)

| | |
|---|---|
| खोपको नाम | Comirnaty intramuscular injection 5 देखि 11 वर्षका लागि |
| क्षमता र प्रभावहरू | SARS-CoV-2 को कारण हुने संक्रामक रोगको रोकथाम |
| खोप लगाउने सङ्ख्या तथा अन्तराल | 2 पटक (सामान्यतया 3 हप्ताको अन्तरालमा) ＊मांशपेशीमा लगाइने खोप |
| खोपको लक्षित उमेर | 5 देखि11 वर्ष (5 वर्ष नपुगेका बालबालिकाहरूप्रतिको प्रभावकारिता तथा सुरक्षा अझै स्पष्ट भइसकेको छैन।) |
| खोपको मात्रा | प्रति डोज 0.2 मिलिलिटर कुल 2 पटक ＊लगाइने सक्रिय पदार्थको मात्रा 10μg (12 वर्ष वा सोभन्दा बढीको खोपको 3 भागको 1 भाग) |

- पहिलो खोप लगाएपछि, सामान्यतया 3 हप्ताको अन्तरालमा दोस्रो खोप लगाउनुहोस्। (पहिलो खोप लगाएपछि 3 हप्ता नाघेको खण्डमा, सकेसम्म छिटो दोस्रो खोप लगाउनुहोस्।)
- दोस्रो खोप लगाएको 7 दिन जति पछि मात्र यस खोपले पर्याप्त प्रतिरोधात्मक क्षमताको विकास गर्छ भनेर मानिएको छ। साथै यसले पूर्ण रूपमा संक्रमण रोकथाम गर्न सक्छ भन्ने हुँदैन। खोप लगाएको भए तापनि, नलगाएको भए तापनि निरन्तर संक्रमण रोकथामका उचित उपायहरू अपनाउनु पर्दछ।

### प्रतिरोधको खोप लगाउन नसक्ने व्यक्ति

तल लेखिएका कुराहरू भएका व्यक्तिहरूलाई यो खोप लगाउन सकिँदैन। आफूलाई तल लेखिएका कुराहरू छ जस्तो लागेको खण्डमा, अनिवार्य रूपमा खोप लगाउनु अघि गरिने जाँचको बेला चिकित्सकलाई जानकारी गराउनुहोस्।

- ज्वरो आएको स्पष्ट भएको अवस्था(＊1)
- गम्भीर किसिमका आकस्मिक रोग लागेका व्यक्तिहरू
- विगतमा यो खोपमा समावेश गरिएको तत्वप्रति गम्भीर संवेदनशीलता(＊2) देखिएका व्यक्तिहरू
- तल उल्लिखित बाहेक, प्रतिरोधको खोप लगाउनका लागि प्रतिकूल अवस्थामा रहेका व्यक्तिहरू

(＊1) सामान्यतया ज्वरो आएको स्पष्ट भएको अवस्थाले 37.5℃ वा सोभन्दा बढीलाई जनाउँछ। यद्यपि 37.5℃ भन्दा कम भएको अवस्थामा पनि, सामान्य अवस्थाको शरीरको तापक्रमको तुलनामा ज्वरो आएको भनेर निर्णय गरिने अवस्थामा यो नियम लागु हुनेछैन।

(＊2) एनाफिलाक्सिस, सम्पूर्ण शरीरको छाला तथा म्युकस मेम्ब्रेनको लक्षण, दम, सास फेर्न गाह्रो हुने, मुटुको धडकन छिटो चल्ने, न्यून रक्तचाप जस्ता एनाफिलाक्सिसको आशंका हुने बहुसंख्य लक्षणहरू।

### प्रतिरोधको खोप लगाउनु भन्दा अगाडि सावधान हुन आवश्यक व्यक्ति

तल लेखिएका कुराहरू भएका व्यक्तिहरूले यो खोप लगाउँदा सावधानी अपनाउनुपर्नेछ। आफूलाई तल लेखिएका कुराहरू छ जस्तो लागेको खण्डमा, अनिवार्य रूपमा खोप लगाउनु अघि गरिने जाँचको बेला चिकित्सकलाई जानकारी गराउनुहोस्।

- एन्टिकोआगुलेन्ट थेरापी गराइरहेको व्यक्तिहरू र थ्रोम्बोसाइटोपेनिया अथवा क्लटिङ डिसअडर भएका व्यक्तिहरू
- विगतमा रोग प्रतिरोधात्मक क्षमताको विफलता भनी निदान गरिएका व्यक्तिहरू, परिवार तथा नातेदारमा जन्मजात रोग प्रतिरोधात्मक क्षमतामा विफलता भएका व्यक्तिहरू
- मुटु, मिर्गौला, कलेजो, रगतका रोग तथा वृद्धि विकासमा समस्या जस्ता अन्तर्निहित रोग भएका व्यक्तिहरू
- विगतमा प्रतिरोधात्मक खोप लगाएको 2 दिन भित्र ज्वरो आएको तथा सम्पूर्ण शरीरमा रातो दाग आदि जस्ता एलर्जीको आशंका रहेको लक्षण देखा परेका व्यक्तिहरू

**(पछाडि पल्टाउनुहोस्)**

- विगतमा शरीरमा ऐँठन आएका व्यक्तिहरू
- यो खोपमा समावेश गरिएको तत्वप्रति एलर्जीको लक्षण देखा पर्ने डर भएका व्यक्तिहरू

विगतमा, औषधिको कारणले संवेदनशीलता तथा एलर्जी देखा परेका व्यक्तिहरूले अनिवार्य रूपमा खोप लगाउनु अघि गरिने जाँचको बेला चिकित्सकलाई जानकारी गराउनुहोस्।

**खोप लगाएपछि ध्यान दिनुपर्ने बुँदाहरू**

- यो खोप लगाएपछि 15 मिनेट वा सो भन्दा बढि (विगतमा एनाफिलाक्सिस समेत गम्भीर एलर्जीको लक्षण देखा परेका व्यक्तिहरू, वाकवाक लाग्ने र बेहोस हुने जस्ता अनुभव भएकाहरूले 30 मिनेट वा सो भन्दा बढि) खोप लगाएको स्वास्थ्य संस्थामा पर्खेर बसी, शरीरमा कुनै असाधारण अवस्थाको अनुभव भएको खण्डमा, तुरुन्त चिकित्सकलाई खबर गर्नुहोस्। (अचानक देखा पर्ने साइड इफेक्टको जाँच गर्न सकिन्छ।)
- सुइ लगाएको भाग सफा राखेर, खोप लगाएको दिन बाथटबमा नुहाउन सकिन्छ तर सुइ लगाएको भागमा नमाड्नुहोस्।
- नियमित तरिकाले दैनिक जीवन बिताउन सकिन्छ तर खोप लगाएको दिन ज्यादा व्यायाम या खेल्ने नगर्नुहोस्।

**साइड इफेक्टबारे**

- प्रमुख साइड इफेक्टहरूमा सुइ लगाएको भागको दुखाइ, टाउको दुख्ने, जोर्नी र मांशपेशीको दुखाइ, थकान, जाडो हुने, ज्वरो आउने आदि पर्दछन्। साथै विरलै देखिने गम्भीर साइड इफेक्टको रूपमा सक र एनाफिलाक्सिस रहेका छन्। साथै यो खोप नयाँ किसिमको खोप हुनाले, हालसम्म स्पष्ट नभएको लक्षणहरू देखिने सम्भावना हुन्छ। खोप लगाइएपछि चिन्ताजनक लक्षण देखिएको खण्डमा, खोप लगाउने चिकित्सक अथवा सधैँ देखाउने गरेको चिकित्सकसँग परामर्श लिनुहोस्।
- विरलै खोप लगाएपछि मायोकार्डाइटिस वा पेरिकार्डाइटिस भएको हुन सक्ने उदाहरणहरू रिपोर्ट गरिएका छन्(*)। खोप लगाएको केही दिन भित्र छाती दुख्ने, धड्कन बढ्ने, स्वाँस्वाँ आउने, (शरीरको कुनै भाग) सुन्निने जस्ता लक्षणहरू देखिएको खण्डमा, तुरुन्तै स्वास्थ्य संस्थामा गई जाँच गराउनुहोस्।

  (*)संयुक्त राज्य अमेरिकामा 12 देखि17 वर्षका युवाहरूको तुलनामा 5 देखि11 वर्षका बालकहरूको मायोकार्डाइटिसको रिपोर्ट दर कम भएको कुरा निश्चय गरिएको छ।

**प्रतिरोध खोपका कारण स्वास्थ्यमा पर्न जाने असरप्रतिको राहत प्रणालीको बारेमा**

प्रतिरोध खोपले स्वास्थ्य समस्या (बिरामी हुने वा दीर्घकालीन असर रहिरहने) निम्त्याउन सक्छ। अत्यन्त विरलै हुन्छ तर पूर्णरूपमा असरविहिन बनाउन नसकिने हुनाले राहत प्रणालीको व्यवस्था गरिएको छ।

नोभल कोरोना भाइरसको प्रतिरोध खोपका कारण स्वास्थ्य समस्या उत्पन्न भएको खण्डमा, प्रतिरोध खोप ऐन अन्तर्गत राहत (उपचार शुल्क, अशक्त पेन्सन रकम आदि प्राप्ति) मिल्नेछ। आवेदनका लागि आवश्यक प्रक्रियाको बारेमा बसाइ दर्ता रहेको नगर, टोल वा गाउँको कार्यालयमा परामर्श गर्नुहोस्।

---

**संक्रामक रोग नोभल कोरोना भाइरसबारे**

SARS-CoV-2 को कारण हुने संक्रामक रोग लाग्यो भने ज्वरो, खोकी जस्ता रुघाका लक्षणहरूसँग मिल्ने लक्षणहरू देखिन्छन्। धेरै व्यक्तिहरूमा यस्ता हल्का लक्षणहरू आफैं निको हुने भए तापनि, गम्भीर हुन गएमा सास फेर्न गाह्रो हुने जस्ता न्युमोनियाको लक्षण बिग्रन गई मृत्यु हुन पनि सक्छ।

**यस पटक लगाइने नोभल कोरोना भाइरसको खोप (फाइजर कम्पनीद्वारा बनाइएको खोप (5 देखि11 वर्षका लागि)) का विशेषताहरू**

यो औषधि मेसेन्जर आरएनए (mRNA) भ्याक्सिन (खोप) हो र यो SARS-CoV-2 को स्पाइक प्रोटीनको (भाइरसलाई मानव शरीरमा प्रवेश गर्नको लागि आवश्यक प्रोटिन) एउटा mRNA फोरमुलेसन हो जुन लिपिड झिल्लीमा राखिएको हुन्छ। यस mRNA लाई खोपबाट मानव शरीरको कोष भित्र राखेपछि त्यसबाट भाइरसको स्पाइक प्रोटीनको उत्पादन भई, त्यस विरुद्ध एन्टिबडि र कोषको प्रतिरक्षा प्रणालीमा प्रेरित गरिन्छ, जसबाट SARS-CoV-2 को संक्रमणको रोकथाम हुन्छ भनेर विचार गरिएको छ। (12 वर्ष वा सोभन्दा बढीमा प्रयोग गरिने खोप र यो एकै हो।)

यो औषधिमा निम्न सामग्रीहरू समावेश छन्।

| | |
|---|---|
| सक्रिय पदार्थ (Active ingredient) | ✧ Tozinameran (मानव कोषिकाको झिल्लीमा समाहित हुने स्पाइक प्रोटिनको पूरा कोड गरिएको mRNA) |
| अन्य योजक (Additives) | ✧ ALC-0315: [(4-hydroxybutyl) azanediyl] bis (hexane-6, 1-diyl) bis (2-hexyldecanoate)<br>✧ ALC-0159: 2-[(polyethylene glycol)-2000]-N,N-ditetradecylacetamide<br>✧ DSPC: 1, 2-Distearoyl-sn-glycero-3-phosphocholine<br>✧ Cholesterol<br>✧ Sucrose<br>✧ Trometamol<br>✧ Trometamol hydrochloride |

कोरोनाभाइरसको खोप सम्बन्धी विस्तृत जानकारीको लागि स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइटमा हेर्नुहोस्।

Ministry of Health, Labor and Welfare Novel Coronavirus | Search

यदि तपाईं वेबसाइट हेर्न असमर्थ हुनुहुन्छ भने, कृपया तपाईंको स्थानीय पालिकामा सम्पर्क गर्नुहोस्